राष्ट्रिय मानव अधिकार आयोग,
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र सिजपद्वारा
२०८३ जेठ ३ र ४ गते सुकुम्बासीहरूलाई अस्थायी रूपमा राखिएको
नागार्जुन, कीर्तिपुर, भक्तपुर खरिपाटी र बनेपास्थित रेडक्रस तालिम केन्द्रको
संयुक्त रूपमा अनुगमन

# प्रतिवेदन

२०८३ जेठ ५

अनुगमन स्थल:

१. नागार्जुन नगरपालिका-१ काठमाण्डौ
२. राधास्वामी सतसंङ्ग-कीर्तिपुर नगरपालिका-१०
३. नेपाल रेडक्रस सोसाइटी जनशक्ति विकास प्रतिष्ठान राष्ट्रिय प्रशिक्षण केन्द्र, बनेपा-बुडोल
४. विद्युत प्राधिकरण तालिम केन्द्र, खरिपाटी, भक्तपुर

पृष्ठभूमि

२०८३ बैशाख १२ गतेदेखि काठमाडौं उपत्यकाका विभिन्न सुकुम्बासी बस्तीहरू हटाउने क्रममा सरकारले डोजर प्रयोग गरी घर, विद्यालय तथा अन्य संरचनाहरू भत्काएको छ । यस प्रक्रियापछि प्रभावित परिवारहरूलाई अस्थायी रूपमा विभिन्न होल्डिङ सेन्टरहरूमा स्थानान्तरण गरिएको छ । सुकुम्बासीहरूलाई राखिएका होल्डिङ सेन्टरहङमा उनिहरूले विभिन्न किसिमका सम्स्याहरू विशेष गरी खानपान, स्वास्थ्य, औषधी, बालबालिकाको अध्ययन, रोजगारी, मानसिक समस्या जस्ता समस्याहरू झेलिरहेका कुराहङ अनुगमनका क्रममा भेटिएका छन् साथै विभिन्न संचार माध्यमबाट वाहिर आइरहेका छन् ।

तसर्थ स्थानान्तरण गरिएका स्थानमा भूमिहिन सुकुम्बासीहरूको न्युनतम मानव अधिकार उपभोग गर्न पाएको अवस्था छ छैन र उनिहरूको वर्तमान अवस्थाका वारेमा अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) लगायत राष्ट्रिय मानव अधिकार आयोग, सिजप लगायत विभिन्न संस्थाहरूले अनुगमन गरि तथ्य संकलन गरी र वास्तविक अवस्थाहरूलाई उजागर गरि उनिहरूको मानव अधिकारलाई सम्मान गर्न राज्यको ध्यानाकर्षण गराउने उद्धेश्यले यो अनुगमन गरिएको हो ।

२०८३ जेठ ३ गते



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले काठमाडौंको नागर्जुन नगरपालिका वडा नं. १ र कीर्तिपुरस्थित सुकुम्बासी होल्डिङ सेन्टरमा रहेका सुकुम्बासी परिवारहरूको अवस्थाबारे २०८३ जेठ ३ गते अनुगमन गरेको छ ।

इन्सेक बागमती प्रदेश संयोजक शिव खकुरेल र सिजपका महासचिब राजु घिमिरेको टोलीले होल्डिङ सेन्टरमा पुगेर त्यहाँ रहेका नागरिकहरूको अवस्था, बालबालिकाको शिक्षा तथा पुनःस्थापनासम्बन्धी विषयमा जानकारी लिएका थिए ।

अनुगमनका आधारमा किर्तीपुरको राधास्वामी सत्संड होल्डिङ सेन्टरमा ७२ महिला, ५१ पुरुष, ३० बालक र २८ बालिका गरि जम्मा १८१ जना रहेको र नागर्जुनको होल्डिङ सेन्टरका सुरक्षा गार्ड नर प्रसाद ढकालका अनुसार, ४१ परिवारका ९५ जना रहेको र त्यसमा पनी आउने जाने क्रम चलिरहेको उहाँले जनाउनु भयो ।



अनुगमनका क्रममा होल्डिङ सेन्टरमा रहेका बालबालिकालाई नजिकैको विद्यालयमा भर्ना गराउने तयारी भइरहेको जानकारी प्राप्त भएको अनुगमन टोलिले जनाएको छ । तर केही विद्यार्थीले आफूहरू अध्ययन गर्दै आएको पुरानो विद्यालयमै पढ्न चाहेको बताएका छन् ।

त्यसैगरी, होल्डिङ सेन्टरमा बसोबास गरिरहेका नागरिकहरूले आफूहरूको दीर्घकालीन पुनःस्थापनाको विषयलाई लिएर चिन्ता व्यक्त गरेका थिए । उनीहरूले सबैको हित र सुरक्षित भविष्य सुनिश्चित हुने गरी समयमै उचित व्यवस्थापन र पुनःस्थापना गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

अनुगमन टोलीले होल्डिङ सेन्टरमा रहेका नागरिकहरूको आधारभूत आवश्यकता, बालअधिकार तथा सुरक्षित आवासको विषयमा सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याएको जनाएको छ ।

**२०८३ *जेठ ४ गते***



राष्ट्रिय मानव अधिकार आयोग, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र सिजपका प्रतिनिधिले २०८३ *जेठ ४ गते सुकुम्वासीहरूलाई अस्थायी रुपमा राखिएको वनेपा स्थित रेडक्रस तालिम केन्द्रको संयुक्त रुपमा अनुगमन गरेको छ । अनुगमनका क्रममा नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय प्रशिक्षण केन्द्र बनेपा, बुडोलमा ५* जना पुरुष र ५३ जना महिला गरी १ सय ११ जनालाई राखिएको पाइएको छ । उनीहरूलाई ०८३ वैशाख २४ गतेदेखि उक्त स्थानमा राखिएको हो ।



जसमा १८ जना ज्येष्ठ नागरिक, २३ जना बालवालिका र विशेष अवस्था जस्तै अपाङ्गता, दृष्टिविहिन, दिर्घरोगी बिरामी र सुत्केरी गरी ६ जना रहेका छन् । उनीहरूलाई काठमाडौंको थापाथली, शान्तिनगर, मनोहरा र माछापोखरीबाट ल्याएर कोठा नम्बर १०१ देखि ६०२ र तालिम हल समेत गरी ११ ओटा कोठामा व्यवस्थापन गरी राखिएको छ ।



तालिम केन्द्रमा भर्खर जन्मिएका शिशुदेखि ८० वर्ष सम्मका ज्येष्ठ नागरिक रहेका छन् । अनुगमनका क्रममा १७ जना र सात जनासम्मको परिवारलाई एउटै कोठामा राखिएको पाइएको छ ।



रेडक्रस तालिम केन्द्रमा राखिएका १ सय ११ जनामा बालबालिका, ज्येष्ठ नागरिक र विशेष स्वास्थ्य अवस्था भएका व्यक्तिहरूको संख्या उल्लेखनीय रहेकाले औषधी, राहत र दिगो व्यवस्थापन आवश्यक रहेको उनीहरूले अनुगमनका क्रममा बताए ।



आयोगको टोलीसमक्ष विस्थापितहरूले आफूहरू बस्नका लागि जग्गाको व्यवस्थापन सहित स्थायी पुर्नस्थापना, बालबालिकाको जन्म दर्ता नभएका कारण विद्यालयको पहुँचमा कठिनाई, धेरै बालबालिकाको जन्म दर्ता नभएका कारण कानुनी पहिचानमा समस्या रहेको, नियमित औषधीउपचार, खानेपानी र बिजुलीजस्ता आधारभूत आवश्यकताको अभाव भएको बताए ।

यहाँ रहेका सुकुम्बासीका लागि रेडक्रसले खाना र खाजाको व्यवस्था गरेको छ । चिकित्सकहरूको टोलीले स्वास्थ्य परीक्षण पनि गरेको छ। केही सुकुम्बासीलाई प्रहरी र ट्राफिक प्रहरीको सहयोगमा आफ्नै ठाउँ सिरहा पठाइएको अनुगमनका क्रममा पाइएको छ ।



अनुगमन टोलीमा राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव यज्ञप्रसाद अधिकारी, अधिकृत खिमानन्द बस्याल, इन्सेकका सूचना अधिकारी कृष्ण गौतम, इन्सेक बागमती प्रदेशका संयोजक शिव खकुरेल, इन्सेक काभ्रे जिल्ला प्रतिनिधि सुमित्रा आचार्य, सि जपका कार्यक्रम व्यवस्थापक अभिषेक तिवारी रहेका थिए । टोलीले अस्थायी आवास गृहमा राखिएका विस्थापितहरू, रेडक्रसका उपनिर्देशक रश्मि श्रेष्ठ, जनशक्ति विकास अधिकृत कपिल काफ्लेसँग छलफल गरेको थियो ।



त्यसैगरी उक्त टोलीले भक्तपुर स्थित खरिपाटी विद्युत प्राधिकरणको तालिम केन्द्रमा रहेको होल्डिङ सेन्टरको पनि अनुगमन गरेको थियो ।

**मुख्य अवलोकनहरू**

**१. मानसिक तथा मनोसामाजिक असर**

बालबालिका तथा अभिभावकहरूमा मानसिक तनाव, डर र असुरक्षाको अवस्था स्पष्ट देखिएको छ ।
केही बालबालिकाले सर्पको डर, निरन्तर स्थानान्तरणको अन्योल तथा आफ्नो घर भत्किएको दृश्यले मानसिक असर परेको बताएका छन् ।
कतिपय परिवारमा बालबालिका तथा युवायुवतीहरूमा निरन्तर रुनु, डराउनु, एक्लोपन महसुस गर्नुजस्ता मनोसामाजिक समस्या देखिएको जानकारी प्राप्त भयो ।
अनुगमनका क्रममा धेरै व्यक्तिलाई काउन्सिलिङ तथा मनोसामाजिक सहयोगको आवश्यकता रहेको निष्कर्ष निकालियो ।

**२. स्वास्थ्य तथा संरक्षणसम्बन्धी समस्या**

दुवै केन्द्रमा दीर्घरोगी, सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धाहरू रहेको पाइयो ।
धेरै परिवारका औषधि, स्वास्थ्यसम्बन्धी कागजात तथा परिचयपत्रहरू डोजर लगाउँदा पुरिएको वा हराएको कारण नियमित उपचारमा समस्या देखिएको छ ।
बनेपास्थित केन्द्रमा ६० जनाको क्षमता भए पनि १०० भन्दा बढी व्यक्तिहरू राखिएको थियो। महिला, पुरुष र बालबालिकालाई छुट्टाछुट्टै राख्दा एउटै परिवार सँगै बस्न नसक्ने अवस्था सिर्जना भएको छ ।
विशेष गरी किशोरी तथा महिला सुरक्षाको विषयमा दीर्घकालीन जोखिम देखिएको छ। भीडभाड, सीमित गोपनीयता तथा अस्थायी बसोबासका कारण लैङ्गिक हिंसा वा यौन दुर्व्यवहारको जोखिमप्रति सम्बन्धित पक्षहरू चिन्तित देखिएका छन् ।

**३. सामाजिक विभेद र आर्थिक असर**

प्रभावित परिवारहरूले “सुकुम्बासी” भन्ने पहिचानकै आधारमा घर भाडामा नपाउने, स्थानीयबाट हेपिने तथा सार्वजनिक रूपमा भिडियो खिचेर अपमानजनक व्यवहार गरिएको गुनासो गरेका छन् ।
अधिकांश अभिभावकहरू दैनिक ज्याला मजदुरी, तरकारी व्यापार वा अनौपचारिक श्रममा निर्भर रहेकाले स्थानान्तरणपछि उनीहरूको आम्दानी पूर्ण रूपमा प्रभावित भएको छ। यसले बालबालिकाको शिक्षा, पोषण तथा समग्र संरक्षणमा थप असर पुऱ्याएको देखिन्छ ।

**सकारात्मक प्रयासहरू**

- स्वास्थ्य परीक्षण तथा औषधि व्यवस्थापनका लागि स्थानीय स्वास्थ्य संस्था तथा अस्पतालहरूसँग समन्वय गरिएको ।
- भक्तपुर केन्द्रमा केही बालबालिकालाई नजिकको विद्यालयमा भर्ना गराई यातायात, झोला, किताब तथा कपीको व्यवस्था गरिएको ।
- बनेपामा १ सुत्केरी महिलाको परिवारका सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराइएको ।

**निष्कर्ष**

हालका अस्थायी व्यवस्थापनहरूले प्रभावित परिवारलाई तत्काल आश्रय उपलब्ध गराए पनि बालअधिकारको दृष्टिकोणबाट अवस्था अझै संवेदनशील रहेको देखिन्छ। विशेष गरी शिक्षा, मानसिक स्वास्थ्य, सुरक्षा, स्वास्थ्य उपचार तथा दीर्घकालीन पुनःस्थापनाको विषयमा स्पष्ट तथा अधिकारमैत्री योजना आवश्यक छ ।

बालबालिकाहरू अहिले गहिरो अन्योल, असुरक्षा र भविष्यप्रतिको चिन्तामा रहेका छन् । त्यसैले राज्य तथा सम्बन्धित निकायहरूले अस्थायी राहतभन्दा बाहिर गई बालमैत्री, दिगो तथा सम्मानजनक पुनःस्थापनाको व्यवस्था गर्न अत्यावश्यक देखिन्छ ।

तथ्याङ्क

| **क्र.स** | **बालक** | **बालिका** | **बालबालिका सङ्ख्या** | **जम्मा सङ्ख्या** |
|---|---|---|---|---|
| बनेपा | १० | १६ | २६ | १११ |
| | | | | |
| भक्तपुर | १८ | २४ | ४२ | १९३ |
| | | | नाबालक/नाबालिका सहित | |

स्रोत : २ दुई स्थानबाट उपलब्ध गराइएको तथ्यांक अनुरुप

**दुई स्थानका जिम्मेवार व्यक्तिहरू**

| **क्र.स** | **नाम** | | **सम्पर्क नम्बर** |
|---|---|---|---|
| नेपाल रेडक्रस सोसाइटी जनशक्ति विकास प्रतिष्ठान राष्ट्रिय प्रशिक्षण केन्द्र, बनेपा-बुडोल | रश्मि श्रेष्ठ | केन्द्रीय कार्यालयमा जनशक्ति विकाश प्रतिष्ठानको विभागीय प्रमुख | ९८४१४१५४११ |
| | कपिल कार्की | | ९८४१५१०२४८ |
| | बिष्णुप्रसाद आचार्य | | ९८४९५७२६२८ |
| विद्युत प्राधिकरण तालिम केन्द्र, भक्तपुर | मोतिलाल महतारा | निर्देशक | |
| | आशा खनाल | सहायक-प्रबन्धक (इले) | |

## अनुगमनमा सहभागी

| S. N | Name | Organization | Position |
|---|---|---|---|
| 1 | Yagya Prasad Adhikari | National Human Rights Commission | Joint Secretary |
| 2 | Khima Nanda Bashyal | National Human Rights Commission | Human Rights Officer |
| 3 | Shiva Pd Khakurel | INSEC | Coordinator |
| 4 | Abhishek Tiwari | CZOP | Program Officer |
| 5 | Motiram Timalsina | Madanibeat Media | Editor |
| 6 | Bikash Timalsina | Image TV | Reporter |
| 7 | Krishna Gautam | INSEC | Information officer |
| 8 | Sumitra Acharya | INSEC | Kavre Representative |
| 9 | Kausick Ghosh | Driver | |

## मिडिया कभरेज:

**https://www.madanibeat.com/2026/05/18/107346/**
**https://www.facebook.com/share/p/14ZRVTzAaWd/**